# कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
# (दफा १८ को उपदफा (६) सँग सम्वन्धित)
# कृषि सामग्री कम्पनी लिमिटेडको
# प्रबन्धपत्र

१. **<u>कम्पनीको नामः</u>** यस कम्पनीको नाम "कृषि सामग्री कम्पनी लिमिटेड" हुनेछ । यसलाई अंग्रेजीमा "Krishi Samagri Company Limited (KSCL)" भनिनेछ ।

२. **<u>कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः</u>** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४ कुलेश्वरमा रहनेछ । नेपालभर प्रदेश तथा जिल्लाहरुमा आवश्यकतानुसार मातहतका कार्यालय रहने छन् । यस कम्पनीले नेपालभर कारोवार गर्न सक्नेछ ।

३. **<u>कम्पनीले गर्ने व्यवसाय वा कारोवारको प्रकृतिः</u>** कम्पनीले गर्ने व्यवसाय वा कारोवार उत्पादन, व्यापार र सेवामूलक प्रकृतिको रहनेछ ।

४. **<u>कम्पनीको उद्देश्यः</u>**

(१) यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछन्ः-

(क) कृषि क्षेत्रको राष्ट्रिय आवश्यकता अनुसार विभिन्न प्रकारका रासायनिक मल, कृषि चुन, प्राङ्गारिक मल र सूक्ष्म तत्व मलको उत्पादन, प्रशोधन, खरिद एवं आयात गरी बिक्री वितरण गर्ने ।

(ख) रासायनिक मल उत्पादनको लागि आवश्यक कच्चा पदार्थ आयात गरी प्रशोधन, उत्पादन तथा मिश्रण (Blending) गरी बिक्री वितरण तथा निर्यात गर्ने ।

(ग) नेपाल सरकार दातृराष्ट्र एवं राष्ट्रिय अन्तरार्ष्ट्रिय संघ/संस्थाबाट उपलब्ध हुने सहायता एवं अन्य स्रोतबाट प्राप्त रासायनिक मल एवं उन्नत बीउको सञ्चित मौज्दात (Buffer Stock) को व्यवस्था एवं परिचालन गरी रासायनिक मल तथा उन्नत बीउको सर्वसुलभ आपूर्ति र बिक्री वितरणमा सुनिश्चितता ल्याउने ।

(घ) कम्पनीलाई आय आर्जन हुने कृषिसँग प्रत्यक्ष सरोकार राख्ने अन्य कार्यहरु सञ्चालन गर्ने गराउने ।

(ङ) विभिन्न बालीका बीउ बिजनको उत्पादन, खरिद, प्रशोधन, सञ्चय र आयात निर्यात तथा बिक्री वितरण गर्ने ।

(च) कम्पनीलाई क्रियाशिल बनाउन औद्योगिक, व्यापारिक एवं सेवामूलक कारोवार सञ्चालन गर्ने ।

(छ) निजी तथा सहकारी क्षेत्रका बीउ उत्पादकहरुलाई स्रोत बीउ उपलब्ध गराई उत्पादिन बीउ बिजनलाई कम्पनीको नाममा आफ्नो ब्राण्डमा बिक्री वितरण गर्ने।

(ज) कृषि क्षेत्रको लागि आवश्यक पर्ने कीटनाशक तथा रोगनाशक कृषि रसायन (विषादी) र कृषि औजारहरुको कारोवार गर्ने ।

(झ) कृषि उत्पादनको लागि आवश्यक पर्ने मुल बीउ लगायन खाद्यान्न, तरकारी तथा अन्य बालीका प्रमाणित/उन्नत बीउको उत्पादन, खरिद, प्रशोधन, सञ्चय, बिक्री वितरण गर्ने र सो सँग सम्वन्धित तालिम एवं परामर्श सेवा सम्वन्धी कार्यहरु गर्ने ।

(ञ) नेपाल कृषि अनुसन्धान परिषद्को समन्वयमा समय सापेक्ष प्रजनन् बीउ, वर्णशंकर बीउ लगायत अन्य बीउ उत्पादन गर्ने ।

(ट) कम्पनीलाई आय आर्जन हुने क्षेत्रमा कम्पनीको स्रोत परिचालन गर्ने गराउने ।

(२) उपदफा (१) बमोजिमको उद्देश्य कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम सम्वन्धित निकायबाट अनुमति वा ईजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त भएपछि मात्र कार्यान्वयन गरिनेछ ।

(३) उपदफा (१) मा उल्लिखित उद्देश्यका सम्वन्धमा अनुमति वा ईजाजत प्राप्त गरेको पन्ध्र दिनभित्र त्यस्तो अनुमति वा ईजाजतपत्रको प्रतिलिपी कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरिनेछ ।

**५.** <u>**कम्पनीको उद्देश्य प्राप्त गर्न गरिने कामहरुः**</u> यस कम्पनीले दफा ४ बमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्न सक्नेछः-

(क) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका सर्तहरु निर्धारण गर्ने ।

तर यस प्रबन्धपत्र लागू हुनु पूर्वको अवस्थामा कार्यरत कर्मचारीहरुको हकमा निजहरुले उपभोग गरी रहेका सेवासर्त, सुविधा र सहुलियत घट्ने वा कम हुने गरी नियम, विनियम तर्जुमा वा परिवर्तन गरिने छैन ।

(ख) कम्पनीको उद्देश्य अनुरुप प्रशोधन, उत्पादन, आयात, निर्यात र सञ्चित मौज्दात (Buffer Stock) आदि कार्यहरु सञ्चालन गर्न स्विकृति लिनु पर्नेमा सम्वन्धित निकायहरुबाट स्वीकृति लिने ।

(ग) कम्पनीमा लगानी भएको शेयरको रकम, त्यसबाट आर्जित रकम तथा कम्पनीलाई प्राप्त हुने अन्य रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्ने ।

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिवेञ्चर खरिद गर्ने तथा त्यसलाई बिक्री गर्ने ।

**(च) अन्यः**

(१) कम्पनीलाई आवश्यक पर्ने भण्डारण, मिश्रण (Blending) लगायतका अन्य आवश्यक उपकरणहरु खरिद गर्ने, भाडामा लिने वा अन्य तरिकाबाट प्राप्त गर्ने ।

(२) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक उपकरण खरिद गर्ने वा भाडमा लिई प्रयोग गर्ने ।

(३) समान उद्देश्य भएका अन्य स्वदेशी, विदेशी कम्पनी, फर्म वा संगठित संस्था वा व्यक्तिसँग आर्थिक एवं प्राविधिक सहयोग प्राप्त गर्ने, सो सम्वन्धमा सम्झौता गर्ने र सहयोगी कम्पनी खडा गर्ने ।

(४) कम्पनीलाई आवश्यक पर्ने बैंकिङ्ग कारोबारसँग सम्वन्धित सम्पूर्ण कार्यहरु गर्ने ।

(५) कम्पनीलाई आवश्यक पर्ने कर्मचारी कम्पनीको कर्मचारी प्रशासन विनियमावली अनुसार नियुक्ती गर्ने ।

(६) कम्पनीका उद्देश्यहरु पुरा गर्न आवश्यक पर्ने अन्य कार्यहरु गर्ने ।

(७) कम्पनीलाई आत्मनिर्भर बनाउने लक्ष्य अनुरुप कम्पनीको स्वामित्वमा रहेको स्रोत तथा साधनहरुको अधिकतम् परिचालन गर्न प्रचलित कानून बमोजिम कम्पनीको चल अचल सम्पत्ति लिज, करार वा भाडामा दिने ।

(८) कम्पनीले आफ्नो कारोवार सञ्चालन गर्नका लागि आवश्यक पर्ने नीति नियम, विनियम, कार्यविधी तथा निर्देशिका बनाई लागु गर्ने ।

६. **<u>कम्पनीको पूँजीको संरचना</u>**: कम्पनीको पूँजीको संरचना देहाय बमोजिम हुनेछः-

(क) कम्पनीको अधिकृत पूँजी रु. १,०९,६५,४०,०००।- (एक अर्ब नौं करोड पैसठ्ठी लाख चालिस हजार) हुनेछ । उक्त पूँजीलाई रु.१००।- का दरले १,०९,६५,४०० (एक करोड नौं लाख पैसठ्ठी हजार चारसय) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीको जारी पूँजी रु. १,००,५४,४०,०००।- (एक अर्ब चौवन्न लाख चालिस हजार) हुनेछ ।

(ग) कम्पनीको चुक्ता पूँजी रु.१००।- का दरले १,००,५४,४००।- कित्ता साधारण शेयरको हुने रु. १,००,५४,४०,०००।- (एक अर्ब चौवन्न लाख चालिस हजार) हुनेछ।

७. **<u>कम्पनीको शेयरको किसिमः</u>** कम्पनीको सम्पूर्ण शेयर नेपाल सरकार र नेपाल सरकारको अधिकांश शेयर स्वामित्व भएका निकाय र संगठित संस्थाको नाममा रहेकोले साधारण शेयर मात्र जारी गरिएको छ ।

८. **<u>शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुराः</u>** संस्थापकले आफूले लिन मञ्जुर गरेको शेयरको पुरै मूल्य चुक्ता गरिसकेको अवस्था नभएसम्म आफ्नो कुनै शेयर कसैलाई हस्तान्तरण गर्न सकिने छैन ।

९. **<u>शेयर वापतको रकमको भुक्तानीः</u>**

(१) कम्पनीले आफ्नो आवश्यकतानुसार सञ्चालक समितिको बैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक वा पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ ।

(२) शेयर वापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयरधनीले बुझाउनु पर्नेछ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधिभित्र बुझाउने, भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरुको व्यवस्था नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **<u>दायित्व सीमित हुनेः</u>** यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अंकित मूल्यसम्म मात्र सीमित रहनेछ । तर कुनै शेयरधनी वा सञ्चालकले सो हैसियतमा तेश्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता बमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुने छैन ।

११. **<u>अन्य आवश्यक कुराहरुः</u>**

(१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्नु पर्नेछ ।

(२) संस्थापकहरु नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेका निकाय र संगठित संस्थाहरु मात्र भएकाले शेयर खरिद गर्न वा शेयरमा हक पाउन नेपाल सरकार वा नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको निकाय वा संगठित संस्था हुनु पर्नेछ ।

(३) कम्पनीले कारोबार शुरु गर्दाको बखतमा संस्थापकहरुबाट सम्पत्ति प्राप्त गरेको र आवश्यकता अनुसार नेपाल सरकार वा संस्थापकहरुबाट प्राप्त गर्न सक्नेछ ।

(४) संस्थापक नै नेपाल सरकार र नेपाल सरकारको पूर्ण स्वामित्वमा भएका निकाय र संगठित संस्थाहरु भएकोले अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने अवस्था रहने छैन ।

(५) कम्पनीको शेयर बिक्री वा हस्तान्तरण नेपाल सरकारको निर्णय बमोजिम मात्र हुनेछ ।

(६) यस कम्पनीको एउटा छुट्टै छाप अनुसूची-१ मा उल्लेख भए बमोजिमको हुनेछ र सो छाप प्रबन्ध सञ्चालकको जिम्मामा रहनेछ । सोको प्रयोग कम्पनीको कारोबार गर्दा गरिनेछ ।

(७) शेयर प्रमाणपत्रमा अध्यक्ष र प्रबन्ध सञ्चालक वा कम्पनी सचिवको दस्तखतका साथै कम्पनीको छाप लागेको हुनु पर्नेछ ।

(८) सञ्चालक समितिको बैठक आवश्यकतानुसार बस्नेछ तर वर्षमा कम्तिमा १२ (बाह्र) पटक बस्नेछ ।

(९) यस प्रबन्धपत्रमा उल्लेख नभएका कुराहरुको सम्बन्धमा यस कम्पनीको नियमावली र नियमावलीमा उल्लेख नभएका कुराहरु कम्पनी ऐन, २०६३ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

(१०) साविकको प्रबन्धपत्र बमोजिम भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै प्रबन्धपत्र बमोजिम भए गरेको मानिनेछ ।

## १२. कम्पनीको प्रकृति अनुरुप अन्य थप व्यवस्था गर्ने भए सो कुरा खुलाउनेः

(१) यस कम्पनीका संस्थापकहरुले कम्पनीमा शेयर वापत कृषि सामग्री कम्पनी लिमिटेड र राष्ट्रिय बीउ बिजन कम्पनी लिमिटेडको स्वामित्व एवं नियन्त्रणमा रहेका मध्ये यस कम्पनीलाई हस्तान्तरण हुने भनी निर्णय भएका सम्पूर्ण जायजेथा सम्पत्ति नेपाल सरकार मालपोत कार्यालयले दिएको प्रचलित दरमा मूल्याङ्कन गरी हुन आएको मूल्याङ्कित अङ्क र नेपाल सरकार अर्थ मन्त्रालयबाट शेयर लगानी वापत प्राप्त पूँजी रकमको अङ्क समेत गरी शेयर वापतको अङ्क कायम गरिएको छ । कम्पनीले कवुल गरेको शेयर रकम उक्त मूल्याङ्कित अङ्कमा सीमित रहनेछ । साथै नेपाल सरकारबाट समय समयमा शेयर लगानी वापत प्राप्त हुने रकम शेयरमा परिणत गरिनेछ ।

(२) उपदफा (१) मा उल्लेख गरिए बमोजिम शेयर वापत लगानी गरिएका सम्पत्ति मध्ये यो कम्पनी नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको मिति देखि चलको

हकमा ६ (छ) महिना भित्र र अचलको हकमा २ (दुई) बर्ष भित्र यस कम्पनीका नाममा सम्बन्धित संस्थापकले नामसारी गराई ल्याउन स्वीकार गरिएको छ ।

(३) कम्पनी दर्ता भई उपदफा (२) बमोजिम नेपाल सरकारबाट सबै सम्पत्ति कम्पनीका नाममा नामसारी भएपछि निजी क्षेत्रमा शेयर क्रमशः हस्तान्तरण गर्ने क्रममा सम्पत्ति र दायित्वको पुनर्मूल्याङ्कन गराइनेछ र सो बमोजिम चुक्ता पूँजी कायम गरिनेछ । यसरी निजी क्षेत्रमा शेयर निष्काशन गर्दा कूल चुक्ता पूँजीको ५ (पाँच) प्रतिशत शेयर कम्पनीमा कार्यरत कर्मचारीहरुलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) अन्य आवश्यक कुराहरु साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम र कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम हुनेछ ।

१३. **प्रबन्धपत्र संशोधन भएमा लागु हुने अवस्थाः** यस प्रबन्धपत्रमा कम्पनीले कुनै संशोधन गर्नुपर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरी सो प्रस्ताव वा निर्णय कम्पनी रजिष्ट्रारको कार्यालयमा अभिलेख भएपछि मात्र प्रबन्धपत्र संशोधन भएको मानिनेछ । साथै संशोधित प्रबन्धपत्र लागु हुनुपूर्व कायम रहेको प्रबन्धपत्र बमोजिम भए गरेका सम्पूर्ण काम कारवाही संशोधित प्रबन्धपत्र बमोजिम नै भए गरेको मानिनेछ ।

१४. **प्रबन्धपत्र बाझिएको हदसम्म अमान्य हुनेः** यस प्रबन्धपत्रमा लेखिएका कुराहरु कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

१५. **संस्थापकहरुले लिन कबुल गरेको शेयर संख्या र उद्घोषणः** हामी कृषि सामग्री कम्पनी लिमिटेडका संस्थापकहरुले पूर्ण सरकारी स्वामित्वको यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यस प्रबन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र हाम्रो साक्षी लगायत सम्पूर्ण व्यहोरा ठीक साँचो हो । यो प्रबन्धपत्रमा लेखिएका कुरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| सि.नं. | संस्थापकको नाम, ठेगाना र सही छाप | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, ठेगाना सहीछाप |
|---|---|---|---|
| १ | नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>सिंहदरबार, काठमाडौं<br>दस्तखतः<br>नामः<br>पदः | ६३,४९,००० | दस्तखतः<br>नामः<br>पदः |

| | | | |
|---|---|---|---|
| २ | नेपाल सरकार, अर्थ मन्त्रालय<br>सिंहदरबार, काठमाडौं<br>दस्तखतः<br>नामः<br>पदः | ३४,६५,४०० | दस्तखतः<br>नामः<br>पदः |
| ३ | नेपाल कृषि अनुसन्धान परिषद्<br>सिंहदरबार प्लाजा, काठमाडौं<br>दस्तखतः<br>नामः<br>पदः | ४०,००० | दस्तखतः<br>नामः<br>पदः |
| ४ | राष्ट्रिय सहकारी विकास बोर्ड<br>हरिहरभवन, ललितपुर<br>दस्तखतः<br>नामः<br>पदः | ४०,००० | दस्तखतः<br>नामः<br>पदः |
| ५ | राष्ट्रिय चिया तथा कफी विकास बोर्ड<br>किर्तिपुर, काठमाडौं<br>दस्तखतः<br>नामः<br>पदः | ४०,००० | दस्तखतः<br>नामः<br>पदः |
| ६ | राष्ट्रिय दुग्ध विकास बोर्ड<br>हरिहरभवन, ललितपुर<br>दस्तखतः<br>नामः<br>पदः | ४०,००० | दस्तखतः<br>नामः<br>पदः |
| ७ | दुग्ध विकास संस्थान<br>लैनचौर, काठमाडौं<br>दस्तखतः<br>नामः<br>पदः | ४०,००० | दस्तखतः<br>नामः<br>पदः |

| | | | |
|---|---|---|---|
| ८ | कृषि चुन उद्योग लिमिटेड<br>दस्तखतः<br>नामः<br>पदः | २५,००० | दस्तखतः<br>नामः<br>पदः |
| ९ | कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति कालीमाटी, काठमाडौं<br>दस्तखतः<br>नामः<br>पदः | १५,००० | दस्तखतः<br>नामः<br>पदः |
| | **जम्मा शेयर संख्याः** | १,००,५४,४०० | |

**अनुसूची-१**

(प्रबन्धपत्रको दफा ११ को उपदफा (६) सँग सम्बन्धित)

कम्पनीको छाप

**(नेपालीमा)**

**(अंग्रेजीमा)**

**द्रष्टव्य :** यो छाप आवश्यकता अनुसार ठूलो वा सानो आकारको बनाउन सकिनेछ । त्यसमा कम्पनीले निर्धारण गरेको रङ्गको प्रयोग हुनेछ ।

# कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित
# (दफा २० को उपदफा (४) सँग सम्वन्धित)
# कृषि सामग्री कम्पनी लिमिटेड
# नियमावली

## परिच्छेद-१
## प्रारम्भिक

१. **कम्पनीको नामः** यस कम्पनीको नाम "कृषि सामग्री कम्पनी लिमिटेड" हुनेछ । यसलाई अंग्रेजीमा "Krishi Samagri Company Limited (KSCL)" भनिनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालयः** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.१४ कुलेश्वर रहनेछ ।

३. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) "ऐन" भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

(ग) "कम्पनी" भन्नाले कृषि सामग्री कम्पनी लिमिटेड सम्झनु पर्छ ।

(घ) "पदाधिकारी" भन्नाले कम्पनीको सञ्चालक, प्रबन्ध सञ्चालक, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागीय जिम्मेवारी लिने कुनै कर्मचारी समेत सम्झनु पर्छ ।

(ङ) "सभा" भन्नाले कम्पनीको साधारण सभा समेत सम्झनु पर्छ ।

(च) "प्रबन्धपत्र" भन्नाले कम्पनीको प्रबन्धपत्र सम्झनु पर्छ ।

(छ) "नियमावली" भन्नाले कम्पनीको नियमावली सम्झनु पर्छ ।

(ज) "संस्थापक" भन्नाले ऐन बमोजिम कम्पनी स्थापना गर्नको लागि प्रबन्धपत्र र नियमावलीमा शेयर लिन कबुल गरी संस्थापकको हैसियतले हस्ताक्षर गर्ने व्यक्ति/संस्था/सरकारी निकाय सम्झनु पर्छ ।

(झ) "समिति" भन्नाले कम्पनीको सञ्चालक समिति सम्झनु पर्छ ।

(ञ) "सञ्चालक" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष समेतलाई जनाउँदछ ।

(ट) "अध्यक्ष" भन्नाले समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ठ) "प्रबन्ध सञ्चालक" भन्नाले कम्पनीको प्रबन्ध सञ्चालक सम्झनु पर्छ ।

(ड) "स्वतन्त्र सञ्चालक" भन्नाले समितिको स्वतन्त्र सञ्चालक सदस्य सम्झनु पर्छ ।

(ढ) "कम्पनी सचिव" भन्नाले ऐन बमोजिम नियुक्त कम्पनीको कम्पनी सचिव सम्झनु पर्छ ।

(ण) "साधारण सभा" भन्नाले कम्पनीको वार्षिक साधारण सभा र विशेष साधारण सभा सम्झनु पर्छ ।

(त) "नेपाल सरकार" भन्नाले नेपाल सरकार मन्त्रिपरिषद् सम्झनु पर्छ ।

(थ) "मन्त्रालय" भन्नाले नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई सम्झनु पर्छ।

(द) "शेयर" भन्नाले कम्पनीको शेयर पूँजीको विभाजित अंशलाई सम्झनु पर्छ ।

(ध) "शेयरधनी" भन्नाले कम्पनीको शेयरमा स्वामित्व भएको व्यक्ति वा निकायलाई सम्झनु पर्छ।

(न) "शेयर प्रमाणपत्र" भन्नाले कम्पनीको शेयर किन्ने व्यक्ति वा निकायलाई सो वापत कम्पनीबाट दिएको निस्सालाई सम्झनु पर्छ ।

(प) "विवरण पत्र" भन्नाले ऐन बमोजिम प्रकाशन गर्नुपर्ने विवरण पत्र सम्झनु पर्छ ।

(फ) "कम्पनीको छाप" भन्नाले कम्पनीले प्रयोग गर्ने कम्पनीको छाप सम्झनु पर्छ ।

(ब) "विनियमावली" भन्नाले कम्पनीको कर्मचारी प्रशासन विनियमावली तथा आर्थिक प्रशासन विनियमावली सम्झनु पर्छ ।

४. **कम्पनीको उद्देश्यः** यस कम्पनीको उद्देश्य प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए बमोजिम हुनेछ।

## परिच्छेद - २
## शेयर पूँजी तथा ऋण

५. **शेयरको अङ्कित मूल्यः** यस कम्पनीको शेयरको अङ्कित मूल्य रु. १००।- हुनेछ ।

६. **शेयरमा लियन रहने कुराः** शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो वापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ ।

७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्तो शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरुः**

(क) सम्पूर्ण शेयरमा नेपाल सरकार र नेपाल सरकारको अधिकांश शेयर स्वामित्व भएका निकाय र संगठित संस्थाको मात्र पूर्ण स्वामित्व भएकोले छुट्टै कुनै व्यवस्था गरिएको छैन।

(ख) शेयरधनीको हक अधिकार तथा बन्देज सम्बन्धमा नेपाल सरकारको निर्णय बमोजिम हुनेछ ।

(ग) हाल कम्पनीमा साधारण शेयर मात्रको व्यवस्था गरिएको छ ।

८. **<u>नियम ७ बमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्वन्धित वर्गका शेयरधनीहरुको स्वीकृति चाहिने वा नचाहिने हो सो कुरा खुलाउने</u>**: नियम ७ मा साधारण शेयर मात्रको व्यवस्था गरिएकोले शेयरधनीको अधिकार, हेरफेर सम्वन्धमा कुनै छुट्टै व्यवस्था गरिएको छैन ।

९. **<u>अग्राधिकार शेयर</u>**: हाल कुनै अग्राधिकार शेयर जारी गरिएको छैन ।

१०. **<u>संस्थापकले लिनुपर्ने शेयर</u>**: कम्पनीको संस्थापक हुन कम्तिमा १००० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

११. **<u>शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्वन्धी व्यवस्था</u>**:
प्रबन्धपत्रको दफा ९ को अधिनमा रही देहाय बमोजिम शेयर वापतको रकमको भुक्तानी माग तथा शेयर जफत गरिनेछः-

(१) शेयर वापतको रकम यस नियमावली बमोजिम माग गरिएको अवधिभित्र भुक्तान गरी चुक्ता गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनीले किस्ता माग गर्दा प्रत्येक शेयरधनीको नाममा बुझाउनु पर्ने किस्ता रकम, समय र स्थान खोली कम्तिमा तीस दिनको अवधी दिई तोकिए बमोजिमको ढाँचामा लिखित सूचना पठाई त्यस्तो सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा समेत कम्तिमा दुई पटक प्रकाशन गर्नु पर्नेछ ।

(३) कुनै शेयरधनीले शेयर वापत भुक्तान गर्नुपर्ने रकम उपनियम (२) मा उल्लेखित अवधिभित्र भुक्तान नगरेमा सो अवधी नाघेको मितिले तीन महिनाको थप अवधी दिई सो अवधिभित्र बुझाउन ल्याएमा तोकिए बमोजिमको दरले व्याज समेत लगाई बुझिलिने र सो अवधिभित्र पनि बुझाउन नल्याएमा निजको शेयर जफत हुने कुरा स्पष्ट खोली सम्बन्धित शेयरधनीलाई सूचना दिनु पर्नेछ । त्यस्तो सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा कम्तिमा

तीन पटक प्रकाशन गराउनु पर्नेछ । सो बमोजिमको सूचनाको म्यादमा पनि किस्ता नबुझाएमा कम्पनीले जुन शेयरको सम्बन्धमा सो सूचना दिएको हो सो शेयर वापत भुक्तान भएको रकम वा सो शेयर वापत कुनै लाभांश रोक्का भएको रहेछ भने सो रकम समेतले खामेजति संख्याको शेयर निजको नाममा कायम राखी बाँकी शेयर वा सम्पूर्ण शेयर जफत गर्न सक्नेछ । तर शेयर जफत गर्नु अघि कम्पनी खारेजी वा दामासाहीमा परिसकेको रहेछ भने जफत हुन सक्ने शेयर वापत बुझाउन बाँकी रकम प्रचलित कानून बमोजिम ऋण सरह असुल गर्न सकिनेछ ।

(४) उपनियम (३) बमोजिम शेयर जफत भएकोमा सञ्चालक समितिले त्यसरी जफत भएका शेयर वापत भुक्तानी भई सकेको र त्यस्ता शेयर वापत कुनै लाभांश रोक्का भएको रहेछ भने सो बराबरको रकम फिर्ता गर्न वा सो रकमले खामेसम्मको शेयर दिन सक्नेछ र रकम फिर्ता गर्ने भएमा शेयर जफत भएको तीन महिना भित्र रकम फिर्ता गरी सक्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम तीन महिनाभित्र रकम फिर्ता नगरेमा सो अवधि नाघेपछि सो रकममा लाग्ने व्याज समेत भुक्तानी गर्नु पर्नेछ ।

(६) उपनियम (३) बमोजिम जफत गरिएको शेयर यस नियमावलीको अधिनमा रही सञ्चालक समितिले मनासिब ठहराएको किसिमबाट बिक्री गर्न वा खारेज गर्न सक्नेछ ।

(७) उपनियम (६) बमोजिम विशेष प्रस्ताव पारित भएपछि सो प्रस्तावमा उल्लेख भए अनुसारको भुक्तानी माग गर्न बाँकी शेयर पूँजीको रकम साधारण सभाबाट पुनः अर्को विशेष प्रस्ताव पारित गरी माग गर्ने निर्णय भएकोमा बाहेक कम्पनी खारेज हुँदा वा दामासाहीमा गएको अवस्थामा बाहेक माग गर्न सकिने छैन ।

१२. **शेयर बिक्री तथा धितो बन्धक सम्बन्धी व्यवस्थाः** कम्पनीको शेयर नेपाल सरकारको निर्णय बमोजिम बिक्री वा धितोबन्धक राख्न सकिनेछ ।

१३. **शेयरको प्रमाणपत्रः** कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा अध्यक्ष र प्रबन्ध सञ्चालक वा कम्पनी सचिवको दस्तखतका साथै कम्पनीको छाप लागेको हुनु पर्नेछ ।

१४. **शेयर पूँजी हेरफेर गर्ने कुराः** साधारण सभाबाट प्रस्ताव पारित गरी साधारण सभाको निर्णयबाट ऐन बमोजिम कम्पनीको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।

१५. **आफ्नो शेयर आफैले खरिद गर्ने सम्वन्धी व्यवस्थाः** ऐनको अधिनमा रही कम्पनीले आफ्नो शेयर आफै खरिद गर्न सक्नेछ ।

१६. **ऋण वा डिबेञ्चर सम्वन्धी व्यवस्थाः** कम्पनीले ऋण वा डिबेञ्चर उठाउन आवश्यक ठानेमा सम्वन्धित निकायको स्वीकृति लिई प्रचलित कानूनको अधिनमा रही ऋण वा डिबेञ्चर उठाउन सक्नेछ।

१७. **शेयरधनी तथा डिबेञ्चरवालाको दर्ता किताबको निरीक्षणः** शेयरधनी तथा डिबेञ्चरवालाले कम्पनीको शेयर वा डिबेञ्चर दर्ता किताबको निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा वा राष्ट्रियस्तरको पत्र पत्रिकामा ७ (सात) दिन अगाबै सूचना टाँस वा प्रकाशित गरी एक वर्षमा पैंत्तालीस दिनमा नबढाई एक पटकमा बढीमा ३० (तीस) दिनसम्म दर्ता किताबको निरीक्षण बन्द गर्न सक्नेछ ।

## परिच्छेद-३

## साधारण सभा

१८. **कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्थाः**

(१) यस कम्पनीको साधारण सभा देहाय बमोजिम हुनेछन्:

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

(२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनीले कार्यालयबाट कारोबार गर्न स्वीकृति पाएको मितिले १ वर्ष भित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभा आर्थिक वर्ष समाप्त भएको ६ महिना भित्र गरिनेछ ।

(३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नको लागि कम्तिमा २१ (एक्काईस) दिन अगाबै र विशेष साधारण सभा गर्नको लागि कम्तिमा १५ (पन्ध्र) दिन अगाबै सभा हुने ठाउँ, मिति, समय र छलफल गर्ने विषय खोली सबै शेयरधनीहरुलाई सूचना दिनु पर्नेछ । सो कुराको सूचना कम्तिमा २ (दुई) पटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गर्नु पर्नेछ ।

(४) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।

(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको बैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरु मध्ये कम्तिमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भै सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनु पर्नेछ ।

(६) उपनियम (३) वा (५) बमोजिम बोलाइएको साधारण सभामा नियम २३ बमोजिमको गणपूरक संख्या नपुगी त्यस्तो सभा हुन नसकेमा कम्तिमा सात दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ । यस्तो सूचना कम्तिमा सात दिन अघि राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरेमा रीतपूर्वकको सूचना दिएको मानिनेछ ।

## १९. <u>साधारण सभाको कार्यविधिः</u>

(१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुले आफू मध्येबाट छानिएको सञ्चालकले सभाको अध्यक्षता गर्नेछ ।

तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफू मध्येबाट छानेको शेयरधनीले सभाको अध्यक्षता गर्नेछ।

(३) सभाको काम कारवाही प्रारम्भ हुनु अघि सभाको वैद्यता बारेमा छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाईएमा सो सभा अध्यक्षको अनुमतिले विधिवत सञ्चालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरु मध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ ।

(६) सभाको मत बराबर भएमा सभाको अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) कूल शेयर पूँजीको सत्सट्ठी प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचनामा उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन ।

(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नुपर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ ।

(९) सभाका सम्बन्धमा अन्य व्यवस्थाहरु ऐनमा उल्लेख भए बमोजिम हुनेछ ।

(१०) ऐनमा र यस नियमावलीमा उल्लेख भएको विषय बाहेक साधारण सभामा अन्य कुनै विषय पेश गर्नुपर्ने भएमा सञ्चालक समितिबाट निर्णय भई पेश भए बमोजिम हुनेछ ।

(११) ऐनमा उल्लेख भएका विषय बाहेक कम्पनीले विशेष प्रस्ताव पारित गरी अन्य कुनै विषयमा निर्णय गर्नुपर्ने भएमा सञ्चालक समितिबाट निर्णय भई पेश भए बमोजिम हुनेछ।

(१२) ऐन र यस नियमावलीले तोकेको प्रावधानहरु उलङ्घन नहुने गरी कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

२०. **<u>साधारण सभामा पेश गर्ने अन्य विषयः</u>** ऐनमा उल्लेख भएका विषय बाहेक साधारण सभामा कुनै विषयमा पेश गर्नुपर्ने देखिएमा सञ्चालक समितिले निर्णय गरी प्रचलित कानून बमोजिम पेश गर्न सकिनेछ ।

२१. **<u>विशेष प्रस्तावः</u>** ऐनमा उल्लेख भएका विषय बाहेक अन्य खास विषयमा विशेष प्रस्ताव पेश गर्नुपर्ने भएमा सञ्चालक समितिले निर्णय गरी पेश गर्न सक्नेछ ।

२२. **<u>विशेष साधारण सभाः</u>** ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ ।

२३. **<u>गणपूरक संख्याः-</u>** बाँडफाँड भएको कूल शेयर संख्याको कम्तिमा एकाउन्न प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तिमा पाँच जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारबाही प्रारम्भ हुने छैन ।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कूल शेयर संख्याको कम्तिमा पच्चीस प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तिमा तीन जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्ने छैन।

२४. **प्रोक्सी मत सम्बन्धी व्यवस्थाः-**

(१) प्रचलित कानून बमोजिम करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ ।

(२) कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वतः रद्द भएको मानिनेछ ।

(३) शेयर धनी आफैले वा प्रतिनिधि मार्फत मतदान गर्न पाउने छ ।

(४) प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा तोकिएको छैन ।

(५) कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा व्यक्तिगत फाईदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२५. **मतदानः**

(१) ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एक मत दिने अधिकार हुनेछ ।

(२) सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने छैन ।

(३) यो कम्पनी ऐनको दफा १७३ बमोजिम नेपाल सरकारको स्वामित्वमा रहेको संस्थान पब्लिक कम्पनीमा परिणत भएकोले सञ्चालकहरुको निर्वाचन शेयरधनीहरुको प्रतिनिधित्व रहने गरी साधारण सभाबाट हुनेछ ।

२६. **साधारण सभाको निर्णय विवरणको अभिलेखः**

(१) ऐन अनुसार खुलाउनुपर्ने कुरा खुलाई साधारण सभाको काम कारबाही तथा निर्णयको विवरणको छुट्टै अभिलेख गरी राखिनेछ । त्यस्तो विवरणमा सभाको अध्यक्ष र कम्पनीको प्रबन्ध सञ्चालक वा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएको वा कम्पनी सचिवको नियुक्ती नभएको अवस्थामा सभाको अध्यक्ष र प्रबन्ध सञ्चालक वा सभाले नियुक्त गरेको एक जना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नु पर्नेछ ।

(२) उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारबाहीको विवरणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनु पर्नेछ ।

## परिच्छेद -४

## सञ्चालक समिति

**२७. सञ्चालक समितिको गठन, संख्या र कार्यकालः**

(१) सञ्चालक समितिको गठन कम्पनी ऐन, २०६३ को दफा ८६ र यस नियमावलीमा लेखिएका व्यवस्थाहरुको अधिनमा रही साधारण सभाद्वारा गरिनेछ ।

(२) यस कम्पनीमा एक जना स्वतन्त्र सञ्चालक सहित जम्मा सात जनाको सञ्चालक समिति रहनेछ । जसमा देहाय बमोजिमका सञ्चालक रहने छन्ः-

(क) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट - दुई जना - सञ्चालक

(ख) नेपाल सरकार, अर्थ मन्त्रालयबाट - दुई जना - सञ्चालक

(ग) उपनियम (२) को खण्ड (क) र (ख) बाहेक अन्य शेयरधनीहरु मध्येबाट आपसी सहमतिमा पालोक्रम अनुसार वा साधारण सभाबाट निर्वाचित - एक जना - सञ्चालक

(घ) सञ्चालक समितिले नियुक्त गरेको स्वतन्त्र सञ्चालक - एक जना - सञ्चालक

(ङ) कम्पनीको प्रबन्ध सञ्चालक - एक जना - सञ्चालक

(३) समितिको अध्यक्ष ऐनको दफा ८६ को उपदफा (४) बमोजिम छनौट गर्नु पर्नेछ ।

(४) उपनियम (२) को खण्ड (ङ) बमोजिमको सञ्चालकको नियूक्ती सञ्चालक समितिले मन्त्रालयको परामर्श लिई खुला प्रतिस्पर्धाको माध्यमबाट छनौट गर्ने वा ऐनको दफा ९६ बमोजिम यस नियमावलीको अधिनमा रही सञ्चालक समितिले आफू मध्येबाट नियुक्त गर्न सक्नेछ । खुला प्रतिस्पर्धाद्वारा नियुक्त हुने प्रबन्ध सञ्चालकको खुला प्रतिस्पर्धा सम्बन्धी प्रक्रिया सो सञ्चालक रिक्त भएको एक महिनाभित्र शुरु गरी सक्नु पर्नेछ ।

(५) एक जना भन्दा बढी सञ्चालक मनोनयन गर्ने शेयरधनीले कुनै एक जना सञ्चालक व्यवसायिक व्यक्तिलाई प्रतिस्पर्धाको माध्यमबाट छनौट गर्न सक्नेछ । त्यस्तो सञ्चालक छनौट गर्ने कार्यविधी सम्बन्धित शेयरधनीले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) सञ्चालकहरुको कार्यकाल तीन वर्षको हुनेछ तर नेपाल सरकार वा संगठित संस्थाद्वारा नियुक्त सञ्चालक नेपाल सरकार वा नियुक्त गर्ने संस्थाको ईच्छा अनुसारको अवधिसम्म आफ्नो पदमा बहाल रहनेछ ।

(७) कुनै सञ्चालकको कार्यकाल पुरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालकको कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ ।

(८) प्रचलित कानून वा यस नियमावलीमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक एक कार्यकाल समाप्त भई सञ्चालकको पदबाट अवकाश प्राप्त गर्ने व्यक्ति सञ्चालकको पदमा पुनः नियुक्त हुन सक्नेछ ।

(९) संगठित संस्थाले शेयर लिएको कम्पनीको हकमा कम्पनीका सञ्चालकहरुको जम्मा संख्या र सो संख्याले ग्रहण गरेको शेयर संख्याको अनुपातमा हुन आउने सञ्चालक र त्यस्तो सञ्चालक कुनै व्यहोराले समितिको बैंठकमा भाग लिन नसक्ने अवस्था उत्पन्न भएको अवस्थामा त्यस्तो प्रत्येक सञ्चालकको सट्टामा समितिको बैंठकमा उपस्थित हुन र मतदान गर्न वैकल्पिक सञ्चालक समेत त्यस्तो संस्थाले नियुक्त गर्न सक्नेछ ।

(१०) उपनियम ७ अनुसार नियुक्त कुनै सञ्चालक कम्पनीको सञ्चालक समितिको बैंठकमा उपस्थित हुन नसक्ने भएमा त्यस्तो सञ्चालकले सो कुराको जानकारी निजको वैकल्पिक सञ्चालक तथा सञ्चालक समितिलाई उपलब्ध गराउनु पर्नेछ । त्यस्तो अवस्थामा वैकल्पिक सञ्चालकले समितिको बैंठकमा भाग लिन र मतदान गर्न पाउनेछ ।

(११) सञ्चालक समितिको बैंठक आवश्यकता अनुसार सञ्चालक समितिको अध्यक्ष वा प्रबन्ध सञ्चालकले बोलाउने छ ।

(१२) शेयर संरचनामा परिवर्तन भएमा सोही अनुपातमा सञ्चालकहरुको संरचना कायम हुनेछ।

(१३) सञ्चालक समिति सम्बन्धी अन्य कुराहरु कम्पनी ऐन, २०६३ मा व्यवस्था भए अनुसार हुनेछ ।

२८. **<u>सञ्चालक हुन लिनुपर्ने न्यूनतम् शेयर संख्या</u>**: यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनका लागि (संस्थापक वा संस्थापकहरुको शेयरको अनुपातमा मनोनीत गरिएका सञ्चालकहरुको हकमा बाहेक) आफ्नो नाममा कम्तिमा १०० थान शेयर लिएको हुनु पर्नेछ ।

तर प्रबन्ध सञ्चालक, स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपर्युक्त व्यवस्था लागू हुने छैन ।

२९. <u>शेयरधनी बाहेकको अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई सञ्चालक नियुक्त गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ती प्रक्रिया सम्वन्धी व्यवस्था खुलाउने</u>ः

(१) ऐनको दफा ८९(२) र अन्य प्रचलित कानून बमोजिम अयोग्य नभएको तथा ऐनको दफा १७३(४) बमोजिम योग्य भएको व्यवसायिक विशेषज्ञ व्यक्ति स्वतन्त्र सञ्चालकको रुपमा सञ्चालक समितिले नियुक्त गर्नेछ ।

(२) स्वतन्त्र सञ्चालकको नियुक्तीको लागि सञ्चालक समितिले योग्य व्यक्तिहरुको नाम चयन गरी नियुक्तीका लागि साधारण सभामा पेश गर्नु पर्नेछ । यसरी नाम तयार गर्दा जति जना स्वतन्त्र सञ्चालक नियुक्ती हुने हो सो को संख्याको कम्तिमा तीन गुणा बढी योग्य व्यक्तिहरुको नाम स्वतन्त्र सञ्चालकको नियुक्तीको लागि साधारण सभामा प्रस्तुत गर्नु पर्नेछ ।

(३) स्वतन्त्र सञ्चालकको नियुक्ती उपनियम (२) बमोजिम साधारण सभामा प्रस्तुत प्रस्तावमा उल्लेख गरिएका व्यक्तिहरु मध्येबाट गरिनेछ ।

(४) स्वतन्त्र सञ्चालकको काम, कर्तव्य, जवाफदेहिता तथा सुविधा अन्य सञ्चालकहरुको सरह हुनेछ ।

(५) स्वतन्त्र सञ्चालकको कार्यकाल बढीमा तीन वर्षको हुनेछ ।

३०. <u>सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्ने</u>ः एक पटक सञ्चालक भई सकेको व्यक्ति पुनः सञ्चालकमा नियुक्त हुन सक्नेछ ।

तर लगातार दुई कार्यकाल नियुक्त भएको व्यक्ति त्यस पछिको तीन वर्ष बेतित नभई पुनः सञ्चालन हुन पाउने छैन ।

३१. <u>सञ्चालक नियुक्त सम्वन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने</u>ः ऐनको दफा ८९(१) र अन्य प्रचलित कानून बमोजिम अयोग्य नभएको तथा ऐनको दफा १७३(४) बमोजिम योग्य भएको व्यक्ति मात्र यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुन सक्नेछ ।

तर प्रबन्ध सञ्चालकको हकमा भने माथि उल्लेखित व्यवस्थाको साथ साथै कम्तिमा निम्न शैक्षिक योग्यता भएको हुनु पर्नेछः-

(क) कम्पनीले कारोबार गर्ने विषयसँग सम्बन्धित विषयमा कम्तिमा स्नातकोपाधि हासिल गरी सम्बन्धित क्षेत्रमा वा कम्पनी व्यवस्थापन सम्बन्धी काममा कम्तिमा दश वर्षको अनुभव प्राप्त वा अर्थ, वित्त, व्यवस्थापन, लेखा, तथ्याङ्क, वाणिज्य, व्यापार प्रशासन वा कानून विषयमा कम्तिमा स्नातकोपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तिमा दश वर्षको अनुभव प्राप्त गरेको ।

३२. <u>सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्वन्धी व्यवस्थाः</u>

(१) प्रबन्ध सञ्चालकको सेवा, सर्त, सुविधा, पारिश्रमिक र भत्ता प्रचलित कानूनको अधिनमा रही साधारण सभाले तोके बमोजिम हुनेछ ।

(२) कम्पनी व्यवस्थापनमा संलग्न रहने गरी सञ्चालक समितिले खटाईएको अवस्थामा त्यस्तो सञ्चालकले खटिएको अवधीभरको लागि मात्र सञ्चालक समितिले निर्णय गरी साधारण सभाबाट अनुमोदन गराए बमोजिम तलब सुविधा र सञ्चालकहरुको बैंठक भत्ता वापत प्रति बैंठक रु.५,०००।- (पाँच हजार) पाउने छन् ।

३३. <u>सञ्चालक समितिको काम, कर्तव्य र अधिकारः</u>

(१) ऐन र यस नियमावलीमा लेखिएका कुराहरु र साधारण सभाको निर्णयको अधिनमा रही कम्पनीको सम्पूर्ण कारोबारको व्यवस्थापन, अधिकारहरुको प्रयोग र कर्तव्यको पालना सञ्चालकहरुले सामुहिक रुपमा सञ्चालक समिति मार्फत गर्ने छन् । साधारण सभाको निर्णय बमोजिम बाहेक सञ्चालकले आफुलाई व्यक्तिगत लाभ हुने काम गर्नु हुदैन ।

(२) ऐन, प्रबन्धपत्र र नियमावलीमा छुट्टै व्यवस्था नभएको अवस्थामा सञ्चालक समितिले आफु मध्येका कुनै सञ्चालकलाई वा कम्पनीको कुनै कर्मचारीलाई एक्लै वा संयूक्त रुपमा कम्पनीको तर्फबाट कुनै पनि काम कारवाही गर्न, लेखापढी गर्न, विनिमय अधिकार पत्र वा चेक आदिमा सहीछाप गर्न समेत सबै वा केही अधिकार प्रत्यायोजन गरी आफ्नो प्रतिनिधि खडा गर्न सक्नेछ । त्यसरी अधिकार प्रत्यायोजन गर्दा सञ्चालक समितिको निर्णयानुसार कम्तिमा एक जना सञ्चालक र कम्पनी सचिव भए निजले सो प्रमाणित गर्नु पर्नेछ ।

(३) सञ्चालक वा उपनियम (२) बमोजिमको प्रतिनिधिले आफ्नो व्यक्तिगत हितका लागि वा कम्पनीलाई हानी नोक्सानी गराउनको निमित्त कुनै कारोबार गर्न लागेको हो भन्ने जानी जानी वा विश्वास गर्नुपर्ने कारण भए पनि कसैले त्यस्तो सञ्चालक वा प्रतिनिधिसँग

कुनै कारोबार गरेको रहेछ भने सो व्यक्तिले कम्पनी उपर त्यस्तो कारोबारको सम्वन्धमा कुनै दावी गर्न पाउने छैन ।

(४) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले कम्पनीलाई प्राप्त देहायका अधिकारहरु प्रत्यायोजन गर्न पाउने छैन र यस्ता अधिकारहरु सञ्चालक समितिको बैंठकबाट पारित निर्णयानुसार मात्र प्रयोग गर्नु पर्नेछः-

(क) शेयरधनीहरुले शेयर वापत बुझाउन बाँकी रकमको भुक्तानी माग गर्ने अधिकार,

(ख) डिबेञ्चर जारी गर्ने अधिकार,

(ग) डिबेञ्चर बाहेक अन्य तरिकाबाट ऋण, सापटी लिने अधिकार,

(घ) कम्पनीको कोषमा रहेको रकम लगानी गर्ने अधिकार,

(ङ) ऋण दिने अधिकार ।

(५) सञ्चालक समितिले कुनै खास कार्य गराउन उपसमिति गठन गर्न आवश्यक ठानेमा आवश्यकता अनुसार एक वा एकभन्दा बढी उपसमिति गठन गरी त्यस्तो कार्य गराउन सक्नेछ ।

(६) कम्पनीको प्रबन्ध सञ्चालक पन्ध्र दिन भन्दा बढी अवधी विदामा बसेमा वा निलम्बन भई वा अन्य कारणले पद रिक्त भएमा सञ्चालक समितिले निर्णय गरी कम्पनीको वरिष्ठतम् अधिकृत कर्मचारीलाई प्रबन्ध सञ्चालकको पदमा कायम मुकायम मुकरर गर्न सक्नेछ ।

(७) कम्पनीको हितको सम्बन्धमा कम्पनीको नामबाट सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने, प्रतिवाद गर्ने र मुद्दा सम्बन्धी सम्पूर्ण काम कारबाही गर्ने ।

(८) प्रचलित कानूनको अधिनमा रही कम्पनीको लागि आवश्यक सबै बिषयमा नीति नियम, विनियम, निर्देशिका र कार्यविधी बनाई लागू गर्ने ।

(९) समितिको अन्य काम कर्तव्य र अधिकार साधारण सभाले तोकी दिए बमोजिम हुनेछ ।

## ३४. <u>अधिकार प्रत्यायोजन सम्वन्धी व्यवस्थाः</u>

(१) ऐन, प्रबन्धपत्र र नियमावलीको अधिनमा रही सञ्चालक समितिले आफ्नो अधिकारहरु मध्ये केही अधिकारहरु प्रबन्ध सञ्चालक, अन्य पदाधिकारी वा उपसमितिलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम अधिकार प्रत्यायोजन गर्दा सञ्चालक समितिले बिषय, पदाधिकारी र उपसमिति खुलाई निर्णय गरे बमोजिम अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

**३५. प्रबन्ध सञ्चालक सम्वन्धी व्यवस्थाः**

(१) कम्पनीको दैनिक कार्य सञ्चालन तथा व्यवस्थापनका लागि कार्यकारी प्रमुखको रुपमा कार्य गर्न प्रबन्ध सञ्चालक नियुक्त हुनेछ।

(२) प्रबन्ध सञ्चालकको योग्यता नियम ३१ मा उल्लेख भए बमोजिम हुनेछ भने काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) साधारण सभा तथा सञ्चालक समितिको निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ख) कम्पनीको उद्देश्य प्राप्तिका लागि सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गर्ने।

(ग) कम्पनीको रणनीतिक योजना, वार्षिक बजेट, पूरक बजेट तथा कार्ययोजना तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने ।

(घ) समितिबाट स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन, मूल्याङ्कन गर्ने गराउने।

(ङ) कम्पनीको कर्मचारी प्रशासन विनियमावलीको अधिनमा रही जनशक्ति व्यवस्थापन गर्ने ।

(च) कम्पनीको तर्फबाट सरकारी निकाय, राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय व्यवसायिक प्रतिष्ठानहरुमा प्रतिनिधित्व गर्ने गराउने ।

(छ) सञ्चालक समिति र साधारण सभाद्वारा गरिएका निर्णय र सम्बन्धित निकायद्वारा दिईएका निर्देशनहरु कार्यान्वयन गर्ने गराउने ।

(ज) धितोपत्र सम्बन्धी कानून, प्रबन्धपत्र र यस नियमावलीको अधिनमा रही कम्पनीले सम्बन्धित निकायमा वा अन्य कुनै निकायमा पेश गर्नुपर्ने विवरण, कागजात, निर्णय आदि समयमै पेश गर्ने ।

(झ) कम्पनीको कार्य सञ्चालनका लागि गर्ने आर्थिक कारोबारका सम्बन्धमा समितिले स्वीकृत गरे बमोजिम नेपाल सरकार, वाणिज्य बैंक वा वित्तीय संस्थाबाट धितो राखी वा नराखी ऋण लिने र सो सम्बन्धी तमसुक तथा कागजातहरुमा दस्तखत गर्ने ।

(ञ) समितिको स्वीकृति लिई कम्पनीको हितका लागि कम्पनीको नामबाट सम्बन्धित अड्डा अदालतमा मुद्दा दायर गर्ने, प्रतिवाद गर्ने र मुद्दा सम्बन्धी सम्पूर्ण काम कारवाही गर्ने ।

(ट) कम्पनीको नामबाट गर्नुपर्ने सबै किसिमको सम्झौतामा दस्तखत गर्ने, कार्यान्वयन गर्ने गराउने तथा प्रचलित कानूनको अधिनमा रही सम्झौताको म्याद थप गर्ने ।

(ठ) कम्पनीको नाममा प्राप्त हुनुपर्ने रकम वा जरिवाना आदि असुल उपर गर्ने सम्बन्धी आवश्यक कार्यहरु गर्ने ।

(ड) कम्पनीको दैनिक प्रशासन, कर्मचारी प्रशासन तथा आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने ।

(ढ) प्रबन्ध सञ्चालकले आफूलाई प्राप्त अधिकार आफ्नो उत्तरदायित्वमा प्रचलित कानूनको अधिनमा रही मातहतका अधिकृतस्तरका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(ण) प्रबन्ध सञ्चालकले कम्पनीको दैनिक कारोबार, आर्थिक व्यापारिक तथा सञ्चालन सम्बन्धी निर्देशन, परिपत्र आदि तयार गरी लागू गर्ने ।

(त) कम्पनी सञ्चालन गर्ने सम्बन्धमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(३) प्रबन्ध सञ्चालकको पारिश्रमिक तथा सेवाका अन्य शर्तहरु प्रचलित कानूनको अधिनमा रही साधारण सभाले तोके बमोजिम हुनेछ ।

३६. **प्रमुख कार्यकारी अधिकृत सम्वन्धी व्यवस्था:** हाल प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्था गरिएको छैन ।

३७. **सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउने:** नियम २७ को उपनियम (११) मा उल्लेख भए बमोजिमको पदाधिकारीले सञ्चालक समितिको बैठक बोलाउने छ ।

३८. **सञ्चालक समितिको बैठक सम्वन्धी कार्यविधी:**

(१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको पदाधिकारीले बोलाउनेछ । त्यसरी बैठक नबोलाएमा कुल सञ्चालक संख्याको कम्तिमा पच्चीस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिनभित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तिमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक बस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउदा अन्य सञ्चालकहरुलाई उपनियम (२) अनुसार बैठकको सूचना दिनु पर्नेछ ।

(२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ ।

(३) सञ्चालक समितिको बैठक सञ्चालकहरु स्वयम् उपस्थित हुनु पर्नेछ ।

तर वैकल्पिक सञ्चालक नियुक्त गर्ने संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक अनुपस्थित भएको अवस्थामा निजको वैकल्पिक सञ्चालक उपस्थित हुन सक्नेछ ।

(४) सञ्चालकहरुको कुल संख्याको कम्तिमा एकाउन्न प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको बैठक हुने छैन ।

तर गणपुरक संख्या नपुगी सञ्चालक समितिको बैठक हुन नसकेमा कम्तिमा तीन दिनको सूचना दिई अर्को बैठक बोलाउन सकिनेछ । त्यस्तो बैठकमा पनि गणपुरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरुले गरेको काम कारवाही तथा निर्णय मान्य हुनेछ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ । निजको अनुपस्थितिमा बैठकमा उपस्थित सञ्चालकहरुले आफूमध्येबाट छानेको सञ्चालकले अध्यक्षता गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ ।

तर आफ्नो निजी सरोकार वा स्वार्थ भएको विषयमा सञ्चालक समितिको बैठकमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(७) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउनेछ ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्वन्धमा सञ्चालक समितिका सबै सदस्यहरु लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक बिना पनि गर्न सकिनेछ। त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिनेछ।

## ३९. <u>सञ्चालक समितिको निर्णयको अभिलेखः</u>

(१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्वन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरु मध्ये कम्तिमा एकाउन्न प्रतिशत सञ्चालकले सही गर्नु पर्नेछ ।

तर बैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

(२) विद्युतीय सञ्चार साधन वा कम्प्यूटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन वा कम्प्यूटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न पाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

(३) कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्नेछ ।

## परिच्छेद-५

## हिसाब किताब, लेखा तथा लेखापरीक्षण

**४०. कम्पनीको हिसाब किताब, लेखा र लेखापरीक्षणः**

(१) यस कम्पनीको हिसाब किताब र लेखा कम्पनी ऐन, २०६३ मा उल्लेख भए बमोजिमको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

(२) यस कम्पनीको हिसाब किताबको लेखापरीक्षण लेखापरीक्षण ऐन, २०७५ बमोजिम हुनेछ।

(३) कम्पनीको कारोवारको नियमित रुपमा आन्तरिक लेखापरीक्षण गर्नु पर्नेछ ।

(४) कम्पनीको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालय वा महालेखापरीक्षकको कार्यालयले नियुक्त गरेको लेखापरीक्षकबाट हुनेछ ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले प्रचलित कानूनमा व्यवस्था भए अनुरुप आफूले लेखापरीक्षण गरेको हिसाब किताब र कम्पनीको वासलात, नाफा नोक्सानको हिसाब एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन महालेखापरीक्षकको कार्यालयलाई र कम्पनीलाई दिनेछ। त्यस्तो प्रतिवेदनको प्रतिलिपी वार्षिक साधारण सभाको सूचनासँग संलग्न गरी प्रत्येक शेयरधनी र कम्पनी रजिष्ट्रारको कार्यालयलाई पठाइनेछ ।

**४१. लेखापरीक्षण समिति सम्वन्धी व्यवस्थाः** यस कम्पनीमा देहाय अनुसारको पदाधिकारीहरु रहेको लेखापरीक्षण समिति रहनेछ ।

(क) कम्पनीको दैनिक कार्य सञ्चालन वा व्यवस्थापनमा संलग्न नरहेको सञ्चालक - एक जना - अध्यक्ष

(ख) नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट उप-सचिव (लेखा) - एक जना - सदस्य

(ग) नेपाल सरकार, अर्थ मन्त्रालयबाट उप-सचिव - एक जना - सदस्य

(घ) लेखापरीक्षण समिति सम्बन्धी अन्य व्यवस्था सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद-६
## विविध

४२. **लाभांश सम्वन्धी व्यवस्थाः** लाभांश सम्बन्धी व्यवस्था प्रचलित नियम कानून बमोजिम हुनेछ ।

४३. **शेयरधनी, डिबेञ्चरवाला, सञ्चालक र पदाधिकारीलाई दिईने तथा निजबाट प्राप्त हुने सूचनाः** कम्पनीले शेयरधनी, डिबेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिबेञ्जरवालाहरुले कम्पनीका सञ्चालक वा कम्पनीका पदाधिकारीलाई कुनै सूचना वा जानकारी विधुतीय वा अन्य कुनै माध्यमबाट दिन सक्नेछ ।

४४. **कम्पनी सचिवः** कम्पनी सचिवको नियुक्ती कम्पनी ऐन, २०६३ को दफा १८५ को अधिनमा रही सञ्चालक समितिले गर्न सक्नेछ । कम्पनी सचिवको काम, कर्तव्य र अधिकार ऐनको अधिनमा रही सञ्चालक समितिले तोके बमोजिम हुनेछ ।

४५. **कम्पनीको छापः**

(१) कम्पनीको छाप प्रबन्धपत्रको दफा ११(६) मा उल्लेख भए बमोजिमको हुनेछ । यस्तो छाप प्रबन्ध सञ्चालकको जिम्मामा रहनेछ ।

(२) अनाधिकृत रुपमा छाप प्रयोग गरी कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप जिम्मा लिने पदाधिकारीबाट त्यस्तो दायित्व बापत सिर्जना हुने रकम असुल उपर गरिनेछ ।

४६. **प्रतिलिपी दस्तुर सम्वन्धी व्यवस्थाः**

(१) कम्पनीको प्रबन्धपत्र, नियमावली, विनियमावली, कार्यविधि, निर्देशिका, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताब, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालयमा पेश गरिएको कुनै लिखतको प्रतिलिपी कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा प्रति पृष्ठ रु. १०।- दस्तुर लिई प्रतिलिपी दिनु पर्नेछ ।

(२) साधारण सभाको काम कारवाहीको विवरणको प्रतिलिपी प्राप्त गर्न प्रति पृष्ठ रु. १०।- दस्तुर लाग्नेछ ।

(३) सञ्चालक समितिको निर्णयको प्रतिलिपी प्राप्त गर्न प्रति पृष्ठ रु. १०।- दस्तुर लाग्नेछ ।

(४) शेयर प्रमाणपत्रको प्रतिलिपी प्राप्त गर्न रु. ५००।- दस्तुर लाग्नेछ ।

(५) शेयरधनी वा डिबेञ्चरवालाको दर्ता किताबको प्रतिलिपी प्राप्त गर्न प्रतिपृष्ठ रु. १०।- दस्तुर लाग्नेछ ।

४७. <u>कम्पनी गाभिने कुराः</u>

यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा नेपाल सरकारको सहमति लिई यस कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी कम्पनी ऐन, २०६३ को दफा १७७ बमोजिमको प्रक्रिया पुरा गरी कम्पनीलाई गाभ्न वा गाभिन सकिनेछ ।

४८. <u>कम्पनीको खारेजीः</u>

(१) प्रचलित कानूनको अधीनमा रही नेपाल सरकारको स्वीकृति लिई कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एकभन्दा बढी लिक्विडेटर र कम्पनीको हिसाब किताब जाँच गर्नका लागि एक वा एक भन्दा बढी लेखापरीक्षकको नियुक्ती गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्त लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारबाही गर्ने छन् ।

४९. <u>**कुनै खास व्यवसाय गर्ने कम्पनीको नियमावलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो कुरा खुलाउनेः**</u> कम्पनीले मूलत रासायनिक मल र बीउ बिजनको कारोवार गर्ने भएकोले नेपाल सरकारको नीति नियम र प्रचलित कानूनको अधिनमा रही आफ्नो व्यवसाय सञ्चालन गर्नेछ ।

५०. <u>अन्य आवश्यक कुराहरुः</u>

(१) कम्पनीको आर्थिक वर्ष श्रावण १ गते देखि आषाढ मसान्तसम्म हुनेछ ।

(२) यस कम्पनीको कारोवारको सम्वन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम् रकमसम्म मात्र सीमित रहनेछ ।

(३) यो कम्पनी सञ्चालन गर्दा कम्पनीले सञ्चालक समितिबाट निर्णय गरी कर्मचारी प्रशासन विनियमावली तथा आर्थिक प्रशासन विनियमावली बनाई मन्त्रालयको सहमति लिई सञ्चालन गर्नेछ ।

तर यस नियमावली लागू हुनु पूर्वको अवस्थामा कार्यरत कर्मचारीहरुको हकमा निजहरुले उपभोग गरी रहेको सेवासर्त, सुविधा र सहुलियत घट्ने वा कम हुने गरी विनियम तर्जुमा वा परिवर्तन गरिने छैन ।

(४) अन्य कुराहरु साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(५) यस नियमावली लागू हुनु अघि भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

**५१. <u>नियमावलीमा संशोधन भएमा लागू हुने अवस्थाः</u>** यस नियमावलीमा कुनै संशोधन भएमा साधारण सभाबाट विषेश प्रस्ताव पारित गरी सो प्रस्ताव वा निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ । साथै संशोधित नियमावली लागू हुनुपूर्व कायम रहेको नियमावली बमोजिम भए गरेका सम्पूर्ण काम कारबाही संशोधित नियमावली बमोजिम नै भए गरेको मानिनेछ ।

**५२. <u>नियमावली बाँझिएको हदसम्म अमान्य हुनेः</u>** यस नियमावलीमा उल्लेख भएका कुराहरु ऐन, अन्य प्रचलित कानून वा प्रबन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म स्वत् बदर हुनेछन् ।

**५३. <u>संस्थापकले तत्काल लिन कबुल गरेको शेयर संख्या र उद्घोषणः</u>**

हामी कृषि सामग्री कम्पनी लिमिटेडका संस्थापकहरुले पूर्ण सरकारी स्वामित्वको यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यस नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र हाम्रो साक्षी लगायत सम्पूर्ण व्यहोरा ठीक साँचो हो । यो नियमावलीमा लेखिएका कुरा साँचो हो झुट्टा ठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेका छौं ।

| सि.नं. | संस्थापकको नाम, ठेगाना र सहीछाप | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम, ठेगाना सहीछाप |
|---|---|---|---|
| १ | नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय<br>सिंहदरबार, काठमाडौं | ६३,४९,००० | दस्तखतः<br>नामः |

| | | | |
|---|---|---|---|
| | दस्तखतः<br>नामः<br>पदः | | पदः |
| २ | नेपाल सरकार, अर्थ मन्त्रालय<br>सिंहदरबार, काठमाडौं<br>दस्तखतः<br>नामः<br>पदः | ३४,६५,४०० | दस्तखतः<br>नामः<br>पदः |
| ३ | नेपाल कृषि अनुसन्धान परिषद्<br>सिंहदरबार प्लाजा, काठमाडौं<br>दस्तखतः<br>नामः<br>पदः | ४०,००० | दस्तखतः<br>नामः<br>पदः |
| ४ | राष्ट्रिय सहकारी विकास बोर्ड<br>हरिहरभवन, ललितपुर<br>दस्तखतः<br>नामः<br>पदः | ४०,००० | दस्तखतः<br>नामः<br>पदः |
| ५ | राष्ट्रिय चिया तथा कफी विकास बोर्ड<br>किर्तिपुर, काठमाडौं<br>दस्तखतः<br>नामः<br>पदः | ४०,००० | दस्तखतः<br>नामः<br>पदः |
| ६ | राष्ट्रिय दुग्ध विकास बोर्ड<br>हरिहरभवन, ललितपुर<br>दस्तखतः<br>नामः<br>पदः | ४०,००० | दस्तखतः<br>नामः<br>पदः |
| ७ | दुग्ध विकास संस्थान<br>लैनचौर, काठमाडौं<br>दस्तखतः<br>नामः<br>पदः | ४०,००० | दस्तखतः<br>नामः<br>पदः |
| ८ | कृषि चुन उद्योग लिमिटेड<br>दस्तखतः | २५,००० | दस्तखतः<br>नामः |

| | | | |
|---|---|---|---|
| | नामः<br>पदः | | पदः |
| ९ | कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति कालीमाटी, काठमाडौं<br>दस्तखतः<br>नामः<br>पदः | १५,००० | दस्तखतः<br>नामः<br>पदः |
| | **जम्मा शेयर संख्याः** | **१,००,५४,४००** | |

ईति सम्वत २०७९ साल आषाढ महिना १० गते रोज ६ शुभम्.................................... ।